सिलीचोङ गाउँपालिका

# शिक्षक प्रोत्साहन रकम सम्बन्धी कार्यविधि, २०८२

प्रमाणिकरण मितिः २०८२/१२/२२

सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

तामकु, संखुवासभा

कोशी प्रदेश ,नेपाल।

**प्रस्तावना**ः सिलीचोङ गाउँपालिकाको भौगोलिक विकटता र दूरदराजका कारण शिक्षक व्यवस्थापनमा भईरहेको असहजतालाई न्यूनिकरण गरी शिक्षा क्षेत्रको गुणस्तर अभिवृद्धि गर्नका लागि कक्षा ९ र १० को गणित र विज्ञान विषयका अध्यापन गर्ने शिक्षक,बाली विज्ञान संयोजक तथा बाली विज्ञान Msc, Msc.Ag शिक्षकहरू तथा प्रधानाध्यपकहरुलाई प्रोत्साहन स्वरूप नगद उपलब्ध गराउन वाञ्छनीय भएकोले,

सिलीचोङ गाउँपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"शिक्षक प्रोत्साहन रकम सम्बन्धी कार्यविधि, २०८२"** रहनेछ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषा**ः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) " कक्षा ९ र १० गणित र विज्ञान विषय अध्यापन गर्ने शिक्षकहरु " भन्नाले जुन सुकै तहका शिक्षक भएपनि कक्षा ९ र १० मा गणित र विज्ञान विषय अध्यापन गर्ने शिक्षक सम्झनु पर्छ।

(ख) " कार्यविधि " भन्नाले सिलीचोङ गाउँपालिकाको शिक्षक प्रोत्साहन रकम सम्बन्धी कार्यविधि, २०८२ सम्झनु पर्छ।

(ग) " प्रधानाध्यपक " भन्नाले सिलीचोङ गाउँपालिकामा सञ्चालित कक्षा १ देखि कक्षा ३ सम्मका आ.वि., कक्षा १ देखि कक्षा ५ सम्मका आ.वि. , कक्षा १ देखि कक्षा ८ सम्मका आ.वि. र कक्षा १ देखि कक्षा १० सम्मका मा.वि. कक्षा १ देखि कक्षा १२ सम्मका मा.वि.का प्रशासकीय भूमिका निभाउने शिक्षकहरूलाई सम्झनु पर्छ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सिलीचोङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ वा सो शब्दले प्रमुख प्रशासकीय अधिकृत पदको जिम्मेवारी प्राप्त भई कामकाज गर्ने कर्मचारीलाई समेत जनाउनेछ।

(ङ) " प्रोत्साहन रकम " भन्नाले दफा ३ को उपदफा (१), दफा ३ को उपदफा (२) र दफा ३ को उपदफा (३) बमोजिम उपलब्ध गराईने रकम भनेर सम्झनु पर्छ।

(च) " बाली विज्ञान Msc, Msc.Ag शिक्षक " भन्नाले प्राविधिक धार सञ्चालित विद्यालयका बाली विज्ञान विषयका माध्यमिक तह द्वितीय श्रेणी वा सो सरहका शिक्षकहरूलाई जनाउँदछ।

(छ) " बाली विज्ञान संयोजक " भन्नाले प्राविधिक धार सञ्चालित विद्यालयका बाली विज्ञान विषय क्षेत्रको संयोजक सम्झनु पर्छ।

(ज) "विद्यालय" भन्नाले गाउँपालिकामा सञ्चालित सबै तहका आ.वि. र मा.वि.लाई सम्झनु पर्छ।

(झ) " शिक्षक" भन्नाले कक्षा ९ र १० मा ऐच्छिक गणित, अनिवार्य गणित र विज्ञान विषय अध्यापन गर्ने शिक्षकलाई सम्झुनु पर्छ।

(ञ) "शिक्षा अधिकृत" भन्नाले सिलीचोङ गाउँपालिकाको शिक्षा अधिकृतलाई सम्झनु पर्छ वा सो शब्दले शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको जिम्मवारी प्राप्त भई कामकाज गर्ने कर्मचारीलाई समेत जनाउनेछ।

३. **प्रोत्साहन रकम र भुक्तानी प्रक्रिया :** (१) कक्षा ९ र १० गणित र विज्ञान विषय अध्यापन गर्ने शिक्षकहरुलाई उपलब्ध गरिने प्रोत्साहन रकम देहाय बमोजिम प्रदान गरिनेछ :

(क) शिक्षकहरुको नामावली विवरण सम्बन्धित विद्यालयको प्रधानाध्यपकले सिलीचोङ गाउँपालिकाको कार्यालयमा पठाएको आधारमा प्रति विषय मासिक रु ८००।–का दरले नियमानुसार कर कट्टी गरी एक आ.व.मा दश महिना नबढाई दुई पटक सम्बन्धित विद्यालयको खातामा निकासा गरिनेछ।

(२) प्रधानाध्यपकलाई उपलब्ध गरिने प्रोत्साहन रकम देहाय बमोजिम प्रदान गरिनेछ :

(क) अनुसूची १ बमोजिमको मूल्याङ्कन फारममा प्राप्ताङ्क ८०-१०० भएमा मासिक रुपमा अनुसूची ३ बमोजिम शतप्रतिशत रकम उपलब्ध गराईनेछ।

(ख) अनुसूची १ बमोजिमको मूल्याङ्कन फारममा प्राप्ताङ्क ६०-७९ भएमा मासिक रुपमा अनुसूची ३ बमोजिम ७५ प्रतिशत रकम उपलब्ध गराईनेछ।

(ग) अनुसूची १ बमोजिमको मूल्याङ्कन फारममा प्राप्ताङ्क ४०-५९ भएमा मासिक रुपमा अनुसूची ३ मा उल्लेख भएको रकमको ५० प्रतिशत रकम उपलब्ध गराईनेछ।

(घ) अनुसूची १ बमोजिमको मूल्याङ्कन फारममा प्राप्ताङ्क ४० भन्दा कम भएमा प्रोत्साहन रकम उपलब्ध गराईने छैन।

(३) बाली विज्ञान संयोजक र बाली बिज्ञान Msc.,Msc.Ag. शिक्षकहरूलाई उपलब्ध गरने प्रोत्साहन रकम देहाय बमोजिम प्रदान गरिनेछ।

(क) अनुसूची २ बमोजिमको मूल्याङ्कन फारममा प्राप्ताङ्क ८०-१०० भएमा मासिक तलब स्केलको १० प्रतिशत

(ख) अनुसूची २ बमोजिमको मूल्याङ्कन फारममा प्राप्ताङ्क ६०-७९ भएमा मासिक तलब स्केलको ८ प्रतिशत।

(ग) अनुसूची २ बमोजिमको मूल्याङ्कन फारममा प्राप्ताङ्क ४०-५९ भएमा मासिक तलब स्केलको ५ प्रतिशत।

(घ) अनुसूची २ बमोजिमको मूल्याङ्कन फारममा प्राप्ताङ्क ४० भन्दा कम भएमा प्रोत्साहन रकम उपलब्ध गराईने छैन।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएता पनि कुनै एक शिक्षकलाई दोहोरो प्रोत्साहन रकम उपलब्ध गराईने छैन।

४. **<u>मूल्याङ्कन विधि :</u>** (१) विद्यालयका प्रधानाध्यपक र बाली विज्ञान Msc, Msc.Ag शिक्षकको नियमित तथा प्रभावकारी कार्यसम्पादन गरेको,अध्यापन गरेको, सो पदको जिम्मेवारी भन्दा अतिरिक्त जिम्मेवारी वहन गरेको, अन्तिम परीक्षामा अधिकतम् विद्यार्थी उत्तीर्ण गर्न सफल जस्ता विषयहरूलाई आधार मानी अनुसूची १ र २ बमोजिम सुपरिवेक्षक र पुनरावलोकन कर्ताले मूल्याङ्कन गर्नेछन्।

**(२)** बाली विज्ञान Msc, Msc.Ag. शिक्षकहरूको हकमा सुपरिवेक्षक र पुनरावलोकन कर्ता देहाय बमोजिम हुनेछः

(क) सुपरिवेक्षकः वि.व्य.स. अध्यक्ष र प्रधानाध्यपक गरी जम्मा दुई जना हुनेछन्।

(ख) पुनरावलोकन कर्ताः प्रमुख प्रशासकीय अधिकृत र शिक्षा अधिकृत गरी जम्मा दुई जना हुनेछन्।

(३) प्रधानाध्यपकको हकमा सुपरीवेक्षक र पुनरावलोकन कर्ता देहाय बमोजिम हुनेछः

(क) सुपरिवेक्षकः वि.व्य.स. अध्यक्ष र शिक्षा अधिकृत गरी जम्मा दुई जना हुनेछन्।

(ख) पुनरावलोकन कर्ताः प्रमुख प्रशासकीय अधिकृत हुनेछ।

५. **<u>खारेजी र बचाउ</u> :** (१) बाली विज्ञान एम.एस.सी. , एम.एस.सी.ए.जी. शिक्षक प्रोत्साहन रकम कार्यविधि, २०७९ खारेज गरिएको छ।

**(२)** हालसम्म शिक्षक तथा बाली विज्ञान Msc, Msc.Ag शिक्षकहरूलाई भुक्तानी भएका सबै प्रकारका प्रोत्सहान रकम यसै कार्यविधि बमोजिम भुक्तानी भए, गरिएको मानिनेछ ।

## अनुसूची १

दफा ३ (२) सँग सम्बन्धित सुपरिवेक्षक पुनरावलोकन मूल्याङ्कन फाराम

प्रधानाध्यपकको नाम थर : पदः

स्थायी ठेगानाः सम्पर्क नम्बरः

आर्थिक वर्षः मूल्याङ्कन गरिएको महिनाः

विद्यालयको नामः विद्यालयको छापः

विद्यालयको ठेगानाः

**सुपरीवेक्षकले प्रदान गर्ने अंक तालिकाः**

| क्र.सं. | सूचक | कुल अंकभार | प्राप्ताङ्क | सुपरीवेक्षकको नाम थर |
|---|---|---|---|---|
| १ | औसत जीपीमा सुधार | १० | | नाम थरः |
| २ | उत्तीर्ण प्रतिशत | १० | | |
| ३ | उपस्थिति | १० | | पदः |
| ४ | समयपालन | १० | | हस्ताक्षर |
| ५ | IEMIS Update | १० | | मितिः |
| ६ | बैठक र निर्णय कार्यान्वयन | १० | | |
| जम्मा प्राप्ताङ्कः | | ६० | | |

**पुनरावलोकन कर्ताले प्रदान गर्ने अंक तालिकाः**

| क्र.सं. | सूचक | कुल अंकभार | प्राप्ताङ्क | पुनरावलोकन कर्ताको नाम थर |
|---|---|---|---|---|
| १ | बेरुजु फछर्यौट | १० | | नाम थरः |
| २ | सामाजिक परीक्षण | १० | | |
| ३ | स्थानीय तहसँग समन्वय | १० | | पदः |
| ४ | विद्यार्थी भर्ना र टिकाउ दर | १० | | हस्ताक्षर |
| ५ | **जम्मा प्राप्ताङ्कः** | ४० | | मितिः |

कूल सुपरीवेक्षण मूल्याङ्कन अंक + कूल पुनरावलोकन मूल्याङ्कन अंक =जम्मा प्राप्ताङ्क

नोटः सुपरीवेक्षकले प्रदान गरेको अंकको औषत र पुनरावलोकन कर्ताले प्रदान गरेको अंक जोडेर जम्मा प्राप्ताङ्क निकालिनेछ।

## अनुसूची २

दफा ३ (३) सँग सम्बन्धित सुपरिवेक्षक पुनरावलोकन मूल्याङ्कन फाराम

बाली विज्ञान संयोजक/बाली विज्ञान Msc, Msc.Ag शिक्षकको नाम थर नामः

पदः

स्थायी ठेगानाः सम्पर्क नम्बरः

आर्थिक वर्षः मूल्याङ्कन गरिएको महिनाः

विद्यालयको नामः विद्यालयको छापः

विद्यालयको ठेगानाः

### सुपरीवेक्षकले प्रदान गर्ने अंक तालिकाः

| क्र.सं. | सूचक | कुल अंकभार | प्राप्ताङ्क | सुपरीवेक्षकको नाम थर |
|---|---|---|---|---|
| १ | उपस्थिति | १० | | नाम थरः<br><br>पदः<br>हस्ताक्षर<br>मितिः |
| २ | समयपालन | १० | | |
| ३ | आचारसंहिता | १० | | |
| ४ | प्रविधि प्रयोग | १० | | |
| ५ | निरन्तर विद्यार्थी मूल्याङ्कन | १० | | |
| ६ | सहकर्मीहरूसँग सहकार्य | १० | | |
| जम्मा प्राप्ताङ्कः | | ६० | | |

### पुनरावलोकन कर्ताले प्रदान गर्ने अंक तालिकाः

| क्र.सं. | सूचक | कुल अंकभार | प्राप्ताङ्क | पुनरावलोकन कर्ताको नाम थर |
|---|---|---|---|---|
| १ | उत्तीर्ण प्रतिशत | १० | | नाम थरः<br><br>पदः<br>हस्ताक्षर<br>मितिः |
| २ | विद्यार्थीहरूको ग्रेड वृद्धि | १० | | |
| ३ | विद्यालयका कार्यक्रम, योजना तथा नवप्रयोगमा योगदान | १० | | |
| ४ | अतिरिक्त क्रियाकलाप | १० | | |
| ५ | जम्मा प्राप्ताङ्कः | ४० | | |

कूल सुपरीवेक्षण मूल्याङ्कन अंक + कूल पुनरावलोकन मूल्याङ्कन अंक =जम्मा प्राप्ताङ्क

नोटः सुपरीवेक्षकले प्रदान गरेको अंकको औषत र पुनरावलोकन कर्ताले प्रदान गरेको अंकको औषत निकाली जोडेर जम्मा प्राप्ताङ्क निकालिनेछ।

## अनुसूची ३

दफा ३ को उपदफा (२) सँग सम्बन्धित प्रधानाध्यपकहरुलाई दिईने प्रोत्साहन रकम

| क्रस | तह | संख्या | दर | महिना | जम्मा |
|---|---|---|---|---|---|
| १ | मा.वि. | ६ | १५०० | १० | ९०००० |
| २ | आ.वि. (१-८) | ४ | १००० | १० | ४०००० |
| ३ | आ.वि. (१-५) | १३ | ७०० | १० | ९१००० |
| ४ | आ.वि. (१-३) | १२ | ५०० | १० | ६०००० |